**प्रेस काउन्सिल नेपाल, सूचना विभाग, न्यूनतम पारिश्रमिक निर्धारण समिति र नेपाल पत्रकार महासंघद्वारा मिति २०६८ चैत्र १८ गते सुर्खेतमा संयुक्त रुपमा आयोजित मध्यपश्चिम मिडिया सम्मेलनबाट निम्न बमोजिम १० बुँदे घोषणापत्र जारी गरियो ।**

१. लोकतन्त्र र प्रेस स्वतन्त्रताका लागि ज्यान गुमाएका पत्रकारहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै पीडित पत्रकारका परिवारजनलाई आवश्यक राहत प्रदान गर्न माग गर्दछौं ।

२. आगामी जेठ १४ गतेभित्रै शान्ति प्रक्रिया पुरा गरी पूर्ण प्रेस स्वतन्त्रतासहितको लोकतान्त्रिक संविधान जारी गर्न माग गर्दछौं ।

३. पत्रकारहरुको पेशागत तथा भौतिक सुरक्षाको पूर्ण प्रत्याभूति गर्न माग गर्दछौं ।

४. न्यूनतम पारिश्रमिक निर्धारण समितिले तोकेको पारिश्रमिक उपलब्ध गराउन माग गर्दै कार्यान्वयन नगर्ने सञ्चार गृहलाई तत्काल कारवाहीको दायरामा ल्याउन माग गर्दछौं ।

५. पत्रकार आचारसंहिता प्रभावकारी रुपमा पालना गराउन नेपाल पत्रकार महासंघ र प्रेस काउन्सिलसँग ठोस पहल गर्न आग्रह गर्दछौं ।

६. सरकारी विज्ञापनको समानुपातिक वितरणको माग गर्दै विद्युतीय माध्यमलाई समेत वर्गीकरणको आधारमा उचित सेवा सुविधा उपलब्ध गराउन माग गर्दछौं ।

७. सञ्चारमाध्यम नियमित सञ्चालन भए नभएको अनुगमन गर्न स्थानीय स्तरमा प्रभावकारी संयन्त्र बनाउन माग गर्दछौं ।

८. दुर्गम तथा पिछडिएका क्षेत्रका पत्रकारका लागि विशेष सुविधा उपलब्ध गराउन माग गर्दछौं साथै सञ्चारमाध्यममा विकेन्द्रिकरणको सिद्धान्त लागू गर्न माग गर्दछौं ।

९. महिला, दलित, जनजाति, मधेसी, मुस्लिम तथा सिमान्तकृत समुदायका पत्रकारहरुको पेशागत निरन्तरताका लागि विशेष सुविधा उपलब्ध गराउन माग गर्दछौं ।

१०. सुर्खेत लगायत मध्यपश्चिम क्षेत्रका पर्यटकीय स्थलहरुको विकासका लागि प्रचारप्रसार गर्न गराउन सञ्चारक्षेत्रलाई विशेष अवसर उपलब्ध गराउन माग गर्दछौं ।